नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद
त्रिपुरेश्वर, काठमाण्डौं

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२

प.सं.: 2073/074 मिति: २०७३।११।१५
च.नं.: 391

**विषय :युवा सीप दिवसको लागि सहभागी छनौट गरी विवरण पठाउने सम्बन्धमा ।**

श्री जिल्ला युवा समितिको कार्यालय
**सबै**

प्रस्तुत विषयमा चालू आ.ब.को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निकट भविश्यमै यस परिषद्बाट युवा सीप दिवस कार्यक्रमको आयोजना गरिने भएकोले त्यस जिल्लाबाट तपसील बमोजिमको प्रकृया सम्पन्न गरी छनौट भएको ब्यक्ति/संस्थाको तपसील बमोजिमको विवरण समेत २०७३ साल चैत्र २० गते सम्ममा अनिवार्य रुपमा यस परिषदमा उपलब्ध गराइदिनुहुन आदेशानुसार अनुरोध गरिन्छ ।

तपसील

१.जिल्ला युवा समितिले जिल्ला भित्र बसोबास गर्ने युवा(१६ देखि ४० वर्ष )वा युवा समूहबाट निर्मित सामग्री,प्रविधि वा अन्य विधा(संगीत,कला आदि)सँग सम्बन्धित सृजनाहरु को विवरण सहित जिल्ला युवा समितिहरुमा निवेदन दिन १५ दिनको सूचना प्रकाशन गर्ने ।

२.उक्त अवधिमा निवेदन दिने युवाहरुमध्ये राष्ट्रिय स्तरको सीप दिवसमा प्रदर्शन गर्न योग्य सीप,प्रविधि वा सृजना मध्ये उत्कृष्ठ १ वटा छनौट गरी संलग्न फर्मेट अनुसारको विवरण सहित केन्द्रमा पठाउने।छनौट गर्दा अध्यक्ष,कार्यालय प्रमुख र सम्बन्धित सीप वा सामग्री सँग सम्बन्धित १ जना विज्ञ आमन्त्रण गरी गर्ने ।

३.छनौट भएका त्यस्ता सहभागीले केन्द्रमा सञ्चालन हुने सीप दिवस कार्यकममा आफ्नो सीप,प्रविधि वा सृजना प्रस्तुत गर्नु पर्नेछ ।

४.केन्द्रमा सहभागी हुनेहरुलाई सहभागिताको प्रमाण पत्र र पुरस्कृत हुनेहरुलाई पुरस्कार सहित प्रमाण पत्र प्रदान गरिनेछ ।

५.छनौट भएका सहभागीले केन्द्रको कार्यकममा सहभागी हुँदाको सम्पूर्ण खर्च आफैंले ब्यहोर्नु पर्नेछ ।

६.छनौट भएका सहभागीको तपसील बमोजिमको विवरण यस परिषदको email वा adhikari_dpd@yahoo.com मा मेल गरी पठाउनुहुन ।

2073/11/15

देवीप्रसाद अधिकारी
उपसचिव

उपसचिव

वेवसाईट: www.nyc.gov.np, ईमेल: info@nyc.gov.np,